# कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

**प्रस्तावनाः**

कृषि क्षेत्रको व्यवसायिक विकासका लागि कृषि शिक्षा, अनुसन्धान र प्रसारको महत्वपूर्ण भूमिका रहेको हुनाले विद्यार्थीहरुको व्यवहारिक ज्ञान तथा सीपमा सुधार ल्याउने उद्देश्यले कृषि प्रविधि प्रदर्शन तथा उपयोगको माध्यमबाट उद्यमशील बन्न र आयआर्जन गर्न इच्छुक सुदूरपश्चिम प्रदेशमा रहेका कृषि अध्ययन संस्थानहरूमा अध्ययनरत विद्यार्थीहरूलाई कृषि व्यवसाय तर्फ आकर्षित गर्न सञ्चालन हुने कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम सुदूरपश्चिम प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "**कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि सुदूरपश्चिम प्रदेश भर लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "**कार्यक्रम निर्देशक समिति**" भन्नाले दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ख) "**कार्यक्रम व्यवस्थापन तथा प्राविधिक समिति**" भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ग) "**अध्ययन संस्थान**" भन्नाले कानून अनुसार दर्ता भई सुदूपश्चिम प्रदेश भित्र रही कृषि तथा पशुपालन विषयमा जे. टि. ए, जे. टी., प्रमाणपत्र तह, स्नातक र स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गरिरहेका शिक्षालय, प्राविधिक धारको विद्यालय र कृषि कलेज समेतलाई जनाउँछ।



मा.मन्त्री
बिनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

(घ) "कार्यक्रम" भन्नाले अध्ययन संस्थानलाई अनुदान दिने उद्देश्यले सरकार सञ्चालित कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सम्झनु पर्छ।

(ङ) "प्रस्ताव" भन्नाले कार्यक्रममा अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्नको लागि अध्ययन संस्थानहरूले अध्ययनरत विद्यार्थीलाई समावेश गराउने गरी पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्य विवरण सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रम कार्यान्वयन प्रक्रिया

३. कार्यक्रम निर्देशक समितिः (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | माननीय मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमूख, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (ङ) | उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (च) | महाशाखा प्रमूख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (छ) | प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनका सम्बन्धमा अनुदान प्राप्त गर्ने अध्ययन संस्थान, मातहतका निकाय तथा समितिहरुलाई राय, सल्लाह तथा निर्देशन प्रदान गर्ने,



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किरन लाल श्रेष्ठ
सचिव

(ख) कार्यक्रम सञ्चालनका लागि अध्ययन संस्थानको कार्यक्रम संचालन गर्ने स्थान तथा कार्ययोजनाको स्वीकृति गर्ने,

(ग) कार्यक्रम कार्यान्वयन गर्ने अध्ययन संस्थान तथा समितिहरुबाट प्राप्त प्रतिवेदन अध्ययन गरी सञ्चालित कार्यक्रमको प्रगति समिक्षा गर्ने र निर्देशन दिने,

(घ) कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने, र

(ङ) सञ्चालित कार्यक्रमको सम्बन्धमा प्राप्त भएका गुनासो व्यवस्थापन गर्ने।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली

४. <u>अनुदान व्यवस्थापन तथा प्राविधिक समिति</u>: (१) मन्त्रालयमा देहाय बमोजिमको अनुदान व्यस्थापन तथा प्राविधिक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | संयोजक |
| (ख) | प्रमूख, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमूख, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) | अध्ययन संस्थानको प्रतिनिधि, उपप्राध्यापक वा प्रशिक्षक (प्रतिनिधि छनोट गर्दा प्रस्तावक भन्दा बाहिरको प्रतिनिधि हुनुपर्ने) | सदस्य |
| (ङ) | प्रमूख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा, मन्त्रालय | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन गर्ने,

(ख) प्रचलित कानून बमोजिम आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण तथा थप गर्ने,

(ग) सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(घ) सञ्चालित कार्यक्रमको चौमासिक रुपमा समिक्षा गरी प्रतिवेदन पेश गर्ने ।



मा.मन्त्री विनिता देवी चौधरी

डा.किसन लाल भट्ट सचिव

५. <u>बैठक सम्बन्धी कार्यविधि :</u> (१) दफा ३ र ४ बमोजिम गठित समितिहरुको बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(ख) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(घ) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(ङ) समितिको बैठक हरेक चौमासिकमा एक पटक र आवश्यकता अनुसार कुनै पनि समयमा बस्न सकिनेछ ।

(२) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>कार्यक्रम सञ्चालनः</u> (१) यो कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले वार्षिक स्वीकृत बजेटलाई आधार मानी कार्यक्रम सञ्चालन गर्न अध्ययन संस्थानलाई बीउ पूँजीको रूपमा रकम उपलव्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवस्था भएको रकम अध्ययन संस्थानको प्रस्तावमा उल्लेखित योजना, आवश्यकता र संभाव्यताको आधारमा कार्यक्रमबाट अधिकतम तिसलाख रुपैयाँसम्म प्रति अध्ययन संस्थानलाई उपलव्ध गराउन सकिनेछ ।

(३) अध्ययन संस्थानले कार्यक्रम सञ्चालनका लागि निर्देशिका तयार गरी कार्यान्वयनमा सहजीकरण गर्नेछ ।

(४) कार्यक्रमको दीगोपनाको लागि अध्ययन संस्थानले आम्दानीको २० प्रतिशत रकम छुट्टै कोष स्थापना गरी यस कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।

७. <u>प्रस्ताव आह्वान तथा छनौट प्रक्रियाः</u> (१) प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी मन्त्रालयले अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीले सञ्चालन गर्ने कार्यक्रममा समावेश हुनका लागि सार्वजनिक सूचना प्रकाशित गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) कार्यक्रममा सहभागी हुन ईच्छुक प्रदेश भित्र रहेका अध्ययन संस्थानहरूले अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछन्। आवेदन पेश गर्दा प्रस्तावकहरुले अनुसूची-३ बमोजिमको संक्षिप्त कार्ययोजना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

(३) अध्ययन संस्थानको हकमा दफा ४ बमोजिमको समितिले प्रस्तावनाहरुको मूल्याङ्कन गर्नका लागि आवश्यक मूल्याङ्कनका मापदण्डहरु तयार गरी मुल्याङ्कन गरी स्वीकृत गर्नेछ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको प्रस्ताव दफा ४ बमोजिमको समितिले प्रचलित कानूनको सर्वमान्यता प्रतिकूल नहुने गरी अनुसूची-४ बमोजिम मूल्याङ्कन गर्नु पर्नेछ ।

८. **लागत इष्टिमेट तथा सम्झौताः** (१) दफा ७ बमोजिम छनौट भएका अध्ययन संस्थानहरूलाई आवश्यक कागजातहरुसहित सम्झौता गर्न मन्त्रालयले १५ दिनको अवधि तोकी सूचना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्याद भित्र आएका अध्ययन संस्थानहरूसँग अनुसूची-५ बमोजिमको ढाँचामा प्रचलित कानून अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गर्दा मन्त्रालयले अनुसूची-६मा तोकिए बमोजिमको मापदण्ड तथा अनुदान रकम समेतको व्यहोरा सम्झौतामा उल्लेख गर्नु पर्नेछ ।

(४) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरू सञ्चालनको लागि अध्ययन संस्थानले निर्देशिका तयार गरी उल्लेखित मापदण्डको आधारमा कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-३
## कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

९. **कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः** (१) सञ्चालित कार्यक्रमको अनुगमन गर्ने मूख्य जिम्मेवारी मन्त्रालयको हुनेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले गरेको अनुगमन तथा निरीक्षणको प्रतिवेदन मन्त्रालयले मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको वा आर्थिक अपचलन भएको लगायतका विषयमा उजुरी वा गुनासो प्राप्त भएमा मन्त्रालयले सम्बन्धित विषय विशेषज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम गठित टोलीले स्थलगत रुपमा जाँचबुझ गरी प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

(६) उपदफा (५) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सम्झौता बमोजिमको लागत इष्टिमेट अनुसार गुणस्तरीय काम नभएको देखिएमा सो बमोजिम गर्न वा गराउन सम्बन्धित अध्ययन संस्थानलाई निर्देशन दिनु पर्नेछ ।

(७) उपदफा (५) बमोजिम प्राप्त प्रतिवेदनबाट आर्थिक अपचलन भएको देखिएमा मन्त्रालयले आवश्यक अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

१०. <u>कार्यक्रमको प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः</u> (१) यस कार्यविधि बमोजिम सम्झौता अनुसारको कार्य सम्पन्न भई सकेपछि अध्ययन संस्थानले सक्कल विल, भर्पाई तथा भौचर लगायत आवश्यक विवरण र उत्पादन सम्बन्धी विवरणको अभिलेख सहित अनुदान प्राप्त गर्नका लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान रकम उपलव्ध गराउँदा ५० प्रतिशत रकम सञ्चालन पुँजीको रूपमा र बाँकी ५० प्रतिशत रकम कार्यसम्पादन प्रतिवेदनको आधारमा बील भरपाई अनुसार भुक्तानी गरिनेछ।

(३) उपदफा (२) बमोजिम अनुदान रकमको बाँकी ५० प्रतिशत उपलव्ध गराउन सम्बन्धित विषयका प्राविधिकहरुको टोली स्थलगत रुपमा खटाई पछिसम्म फरक नपर्ने गरी तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम खटिएको प्राविधिक टोलीले दफा ९ बमोजिम अनुगमन तथा निरीक्षणबाट औंल्याएको विषय कार्यान्वयन भए नभएको व्यहोरा समेत कार्य सम्पन्न प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम खटिएको टोलीले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनका आधारमा कार्यालयले प्रचलित कानून बमोजिम अनुदानग्राही अध्ययन संस्थानको बैंक खातामार्फत अनुदान रकम भुक्तानी गर्नेछ ।

## परिच्छेद-४
## <u>विविध</u>

११. <u>प्रगति प्रतिवेदन</u> :(१) यस कार्यविधि बमोजिम भएको काम कारवाहीको विवरणसहितको चौमासिक प्रतिवेदन मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा समेत पठाउनु पर्नेछ



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

(२) मन्त्रालयले आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र यस कार्यविधि बमोजिम सञ्चालन भएको कार्यक्रमको प्रदेशस्तरमा प्रगति समिक्षा गर्नेछ।

१२. <u>लेखा तथा लेखापरीक्षण</u>: कार्यक्रमको खर्चको लेखा व्यवस्थापन तथा लेखापरीक्षण प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१३. <u>निर्देशन दिन सक्ने</u>:(१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले सम्बन्धित निकाय तथा अनुदानग्राही अध्ययन संस्थानलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१४. <u>प्रचलित कानून बमोजिम हुने</u>: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१५. <u>बाधा अड्काउ फुकाउने र संशोधन</u>: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

## कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमको लागि प्रस्ताव अह्वानको सूचनाको नमूना

यस कार्यालयको आ.व. २०७७/७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेशमा रहेका अध्ययन संस्थानलाई **कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन** कार्यक्रम रहेको हुँदा इच्छुक अध्ययन संस्थानलाई दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र सम्बन्धित मन्त्रालयमा तोकिएको ढाँचा अनुसारको अनुसुची-३ अनुसारको कार्ययोजना सहित आवेदन दिनुहोला। पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ।

तपशिल

१. अनुसूची-२ अनुसारको आवेदन फारम र तोकिएका कागजातहरु

२. अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

## अनुसूची-२

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी कैलाली

### कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालन सहयोग प्राप्त गर्नका लागि दिइने आवेदन-पत्रको नमूना

श्री सचिव ज्यू, मितिः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,

............... ।

बिषयः **कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमको अनुदान सम्बन्धमा।**

महोदय,

यस अध्ययन संस्थान .......................... लाई कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमको अनुदान सहयोग प्राप्त गरी ........... सम्बन्धी कार्य गर्न इच्छुक भएकोले तपशिल अनुसारका कागजात संलग्न गरी निवेदन गरिएको छ। यस अध्ययन संस्थानले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रक्रिया अनुसार कार्य गर्नेछौं। पुनश्चः तपशिल अनुसारको कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध छ।

तपशिल

१. अनुसूची-३ अनुसारको संक्षिप्त कार्ययोजना
२. विद्यार्थीलाई आयआर्जन कार्यक्रम कार्यक्रममा सहभागी गराउने भनी अध्ययन संस्थानको सञ्चालक समितिको आधिकारिक निर्णय प्रतिलिपी १ प्रति
३. कृषि तथा पशु सम्बन्धी प्राविधिक शिक्षा अध्यापनका लागि अनुमती पत्रको प्रतिलिपी
४. आ.व. २० ........ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी
५. आ.व. २० ........ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी
६. लालपुर्जाको प्रमाणपत्रको प्रतिलिपी (जग्गा भाडामा लिएको हकमा न्यूनतम १५ वर्षका लागि प्राविधिक धारका विद्यालयालाई उपलब्ध गराईएको सम्झौता पत्र समेत)
७. प्रस्तावको लगानी सुनिश्चितता खुल्ने आ.व. ...... को सूचना प्रकाशन भएको महिनासम्मको अध्ययन संस्थानको बैंक खाता कारोवार र सञ्चिती विवरण (बैंक स्टेटमेन्ट) तथा अन्य निकायको लगानीका लागि प्रतिवद्धता पत्र।

अध्ययन संस्थानको

नाम र छापः

प्रमुखको दस्तखतः

ठेगानाः सम्पर्क नं.



मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसूची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमको संक्षिप्त कार्ययोजना**

१. अध्ययन संस्थानको नामः ...............................

२. ठेगानाः जिल्लाः ............ गा.पा./न.पा................ वडा नं. ........ गाउँ/टोल............

३. प्राविधिक विद्यार्थीहरुको संख्याः

| क्र.सं. | अध्ययन संस्थानको कार्यक्रम (विषय) | जम्मा विद्यार्थी संख्या | महिला | पुरुष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

४. आ.व. ............ को नतिजामा उत्तीर्ण विद्यार्थी संख्या

परीक्षामा सामेल कृषि/पशु अध्यापन गरेका प्राविधिक विद्यार्थी ............

परीक्षामा उत्तीर्ण गरेका कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी ......

परीक्षामा सामेल कृषि/पशु अध्ययन गरेका प्राविधिक विद्यार्थी उत्तीर्ण प्रतिशत .....

५. कृषि विद्यार्थीलाई आर्जनआर्जन कार्यक्रममा जोडेको शीर्षक/बिषय.....

६. हालको अवस्था ......

७. कार्यक्रममार्फत माग गरेको अनुदान रकम .....

८. अध्ययन संस्थानको आफ्नो लगानी ............

९. सञ्चालन गरिने क्रियाकलापहरु

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान लगानी | अध्ययन संस्थानको लगानी | जम्मा लगानी रकम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |



मा.मन्त्री
बिनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

१०. प्रस्तावित कृषि विद्यार्थीमार्फत आयआर्जन कार्यक्रमको व्यवसायिक योजना

११. उत्पादन योजना (उत्पादन के, किन, कसरी, कहाँ, कहिले, कुन-कुन सामग्री र लागत लगाएर कति कति मात्रामा कुन-कुन वस्तु उत्पादन हुनेछ अनिवार्य खुलाउने)

१२. आपुर्ति योजना (कुन-कुन सामग्री के कति मात्रा र लागतमा कहाँ कहाँबाट कसरी जुटाईन्छ समेत अनिवार्य उल्लेख गर्ने ।

१३. वित्तीय योजना ( कहाँ कहाँबाट, के कसरी जुटाईन्छ, के कति आम्दानी र वार्षिक बचत हुन्छ, सो वार्षिक प्रति इकाई लागतले कति प्रतिफल दिन्छ र लगानी उठाउन कति समय लाग्छ सोको हिसाव र योजना अनिवार्य उल्लेख गर्ने)

१४. बजारीकरण योजना (कूल उत्पादित वस्तुको कति मात्रामा कसरी बजारीकरण हुन्छ अनिवार्य खुलाउने)

१५. विगत २ वर्षमा प्रस्तावित कार्यक्रम सम्बन्धी अध्ययन संस्थानको अनुभव।

१६. प्रस्तावित क्रियाकलापहरुमा विद्यार्थी परिचालन तथा संरचनाहरु उपयोग तथा सम्बर्द्धन योजना ।

१७. प्रस्तावित क्रियाकलापहरुबाट कृषि प्रसार र कृषकहरुलाई पुग्ने सेवा

१८. कृषकहरु लाभान्वित हुने संख्या र सम्भावना

१९. कार्यक्रम सञ्चालन हुने क्षेत्रफल .....

२०. बुँदा नं.९ अनुसारका कार्यक्रम सञ्चालन गर्ने समय तालिका

| क्र.सं. | क्रियाकलाप | चैत | बैशाख | जेठ | असार १ सम्म |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

२१. अपेक्षित प्रतिफलः

अध्ययन संस्थानको छापः

प्रमुखको नामः

सम्पर्क नं.

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसूची-४

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

### कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमको प्रस्ताव मूल्याङ्कन फाराम

| क्र.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | | मूल्याङ्कन (१०० पूर्णाङ्कमा गर्ने) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लाभान्वित हुने विद्यार्थी संख्या (१०) | अध्ययन संस्थानको विगतको कार्यसम्पादन (आ.व. २०७४/७५ को नतिजामा उतिर्ण प्रतिशत) (१५) | पेश गरेको व्यावसाय योजना कार्ययोजना (५५) | लाभान्वित भावी कृषकहरू र कृषि क्षेत्रमा योगदान (२०) | कुल प्रासाङ्ग (१००) |
| | | | | <२०=२० | <४०=५ | उत्पादन योजना-१० | कृषकलाई प्रविधि विस्तार-१० | |
| | | | | २०-३०=५ | ४०-६०=१० | बजार योजना-१० | कृषकलाई प्रयोगशाला सुविधा-१० | |
| | | | | ≥३०=१० | ≥६०=१५ | वित्तीय योजना -५ | | |
| | | | | | | आपुर्ति योजना-५ | | |
| | | | | | | प्राविधिक उपयुक्तता-१० | | |
| | | | | | | अनुभव-५ | | |
| | | | | | | विद्यार्थी परिचालन तथा पूँजीगत सम्बर्द्धन योजना-१० | | |

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद दस्तखत र मिति:

१.

२.

३.

४.

५.

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

अनुसूची-५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता पत्रको नमूना**

प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयद्वारा सञ्चालन गरिने चालू आ.व. ....... को स्वीकृत ...... कार्यक्रम सञ्चालन गर्न ....... कार्यालय (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) विशिष्टताका आधारमा छनौट भएका **अध्ययन संस्थान** श्री ............ ............. (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरुको अधिनमा रही कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमती गरिएको छ।

१. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले अध्ययन संस्थानलाई कार्यक्रम सञ्चालनको लागि कार्ययोजना अनुसार कार्य सम्पादन हुने सूनिश्चतता हेरी पश्चात दुई किस्तामा रकम उपलब्ध गराउन सकिनेछ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................. कार्यक्रम सञ्चालन गर्नेछ।

३. दोश्रो पक्षले प्रस्तावना अनुरुपका कार्यक्रम तथा खरिद कार्यहरु विस्तृत कार्ययोजना १५ दिनभित्र पेश गरी प्रचलित कानून बमोजिम कार्य गर्नु पर्नेछ।

४. प्रथम पक्षले समय सापेक्ष नियमित रुपमा कार्यक्रम सञ्चालन गरे नगरेको अनुगमन गर्ने तथा गराउनेछ।

५. दोश्रो पक्षले प्रस्तावना अनुरुपका निर्माण तथा खरिद कार्यहरुका लागि सम्झौता अनुरूप अनुदान स्वरूप प्रवाह भएको रकम परिचालन गरी भएको आम्दानीको २० प्रतिशत रकमको छुट्टै खाता खोली कार्यक्रमको दिगोपनाको लागि जगेडा कोष खडा गर्नु पर्नेछ ।

६. यो सम्झौता उल्लेखित काम गर्दा भैपरी आउने सक्ने कुनै पनि प्राकृतिक प्रकोप भवित्व्यको पूरा जिम्मेवारी दोश्रो पक्ष स्वयम् आफै हुनेछ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| कार्यालयको तर्फबाट सही गर्नेको | विद्यालय/संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठा छापः |



डा.किसन लाल शाह
सचिव

मा.मन्त्री
... चौधरी

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

## अनुसची-६

( दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**कृषि विद्यार्थीमार्फत अध्ययनसँगै आयआर्जन कार्यक्रमका क्रियाकलापको मापदण्ड**

| क्र.सं. | अनुसन्धान क्रियाकलाप मापदण्ड | रकम |
|---|---|---|
| १ | कृषि प्रविधि प्रदर्शन तथा उत्पादन क्षेत्र विस्तार | बढीमा रू. ३० (तिस) लाख |
| २ | संरक्षित बागवानी खेती (Precision and Protected Horticulture) का लागि संरचना निर्माण | |
| ३ | सिँचाई व्यवस्थापन (थोपा सिँचाई, स्प्रिङ्कलर सिँचाई आदि) | |
| ४ | नमूना भर्मिकम्पोष्ट उत्पादन सामाग्री तथा संरचना विकास | |
| ५ | नमूना च्याउ तथा मौरी उत्पादन सामाग्री तथा संरचना विकास | |
| ६ | नमूना मत्स्य पोखरी, ह्याचरी निर्माण तथा पालन | |
| ७ | पशुपन्छी नमूना गोठ तथा खोर निर्माण तथा पालन | |

मा.मन्त्री
विनिता देवी चौधरी

डा.किसन लाल भट्ट
सचिव